आज मिति २०७८/१२/२७ गतेका दिन यस गण्डकी गाउँपालिकाका अध्यक्ष श्री होम बहादुर राना मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ८३ औं बैठक गण्डकी गाउँपालिकाको कार्यालय भुम्लिचोकमा वसी प्रस्ताव हुन आएका विभिन्न प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गर्नको लागि देहाय वमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थिति भयो ।

## उपस्थिति

| क्र.सं | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री होम बहादुर राना मगर | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री गिर बहादुर गुरुङ्ग | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री देउ बहादुर गुरुङ्ग | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री नवराज श्रेष्ठ | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री नर बहादुर पाण्डे | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री जस बहादुर सिं थापा | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री जीवन गुरुङ्ग | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री राम प्रसाद रेग्मी | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री पहलमान बयलकोटी | गाउँ कार्यपालिका सदस्य | — |
| १२ | श्री भगवती चेपाङ | गाउँ कार्यपालिका सदस्य | — |
| १३ | श्री मिना सुनार | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री रिम माया थापा मगर | गाउँ कार्यपालिका सदस्य | रिम माया |
| १५ | श्री मिरा रेग्मी कट्टेल | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी सुनार | गाउँ कार्यपालिका सदस्य | |
| १७ | श्री वेदहरि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

१. बुद्धि प्रसाद सुवेदी, आ.पु. शाखा प्रमुख

२. सुदिप पाध्य. शिक्षा शाखा प्रमुख

३. प्रकाश श्रेष्ठ, उ.रो. रोजगार प्रवर्द्धन शाखा प्रमुख

४. गोपी कोइराला, योजना शाखा प्रमुख

निर्णयहरु

प्रस्ताव नं. १ प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा ।

निर्णय नं. १

यस गण्डकी गाउँपालिकाको कार्यालयमा मिति २०७६।८।१५ देखि अधिकृत छैठौं पदमा कार्यरत कर्मचारी श्री वेदहरि अधिकारी नेपाल सरकारको शाखा अधिकृत पदमा नियुक्त भई नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९९२ मिति २०७८।१२।०१ को पत्रानुसार यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत पदमा काम काज गर्न आउनु भएकोले आजको यस बैठक उहाँलाई हार्दिक स्वागत गर्दै कार्यकालको पूर्ण सफलताको कामना गर्दछ ।

प्रस्ताव नं. २: कोभिड–१९ महामारीवाट प्रभावित अतिविपन्न परिवारलाइ नगद हस्तान्तरण सम्बन्धमा ।

निर्णय नं. २

संघीय सरकारवाट प्राप्त कोभिड–१९ महामारीवाट प्रभावित अतिविपन्न परिवारलाइ नगद हस्तान्तरण गर्ने सम्वन्धमा आजको यस बैठकमा विषयवस्तु पेश भई छलफल हुदाँ गण्डकी गाउँपालिकाका विभिन्न वडाहरुवाट निवेदन संकलन भई सम्वन्धित वडा समितिवाट छनौट भई आएका लाभग्राहीहरुको नामावली कोभिड–१९ महामारीवाट प्रभावित अतिविपन्न परिवारलाइ नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ६ उपदफा ३ वमोजिम दावि विरोधका लागि ३ दिनको समय दिई सूचना प्रकाशित भएकोमा कोही कसैवाट कुनै दावि विरोध पर्न नआएकोले वडा समितिवाट सिफारिस भई आएका देहाय वमोजिम संख्याको आधारमा प्रति लाभग्राही रु. १००००।– (दश हजार) सम्वन्धित लाभग्राहीको बैंक खातामा जम्मा हुने गरी उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल

| क.स. | वडा नं. | लाभग्राही संख्या | कैफियत | क.स. | वडा नं. | लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ५० | | ५ | ५ | ६६ | |
| २ | २ | ६७ | | ६ | ६ | ० | |
| ३ | ३ | ४७ | | ७ | ७ | ४६ | |
| ४ | ४ | ४८ | | ८ | ८ | ६० | |

प्रस्ताव नं. ३: गण्डकी गाउँपालिका वडा नं. ८ स्थित गुम्बा पर्खाल निर्माणको रकम भुक्तानी सम्वन्धमा ।

निर्णय नं. ३

गण्डकी गाउँपालिका वडा नं. ८ स्थित गुम्वा पर्खाल निर्माणको लागि वडा नं. ८ को वडागत वजेटवाट रु १५००००।०० एक लाख पचास हजार विनियोजन स्वीकृत भई आएकोमा उक्त गुम्बाको पर्खाल लगायतको भौतिक संरचना निर्माण कार्य गुम्वा व्यवस्थापन समिति श्रीमहल पुल्चोक ललितपुरको अनुदान वजेटवाट भई सकेको हुदाँ उक्त रकम सोही गुम्वा भवनको छत ढलान कार्यमा प्रयोग हुने गरी आवश्यक व्यवस्था हुन सिफारिस साथ अनुरोध भई आएकोले गुम्वा पर्खाल निर्माण भनिएको भएता पनि गुम्वा भवनको छत ढलान कार्यमा दोहोरो नपर्ने गरी प्राविधिक मुल्याँकन गराई भुक्तानी दिने निर्णय गरियो ।

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ४: भालडाँडा भैरवास्थान सडकलाई साझेदारी वापतको रकम समपुरक कोषवाट भुक्तानी दिने सम्बन्धमा ।

निर्णय नं. ४

सडक वोर्ड नेपाल र गाउँपालिकाको ७०/३० को लागत साझेदारीमा गत आ.व. २०७६।७७ मा स्वीकृत भई चालु आ.व.मा सम्पन्न भएको गण्डकी गाउँपालिका वडा नं. ४ स्थित भालडाँडा भैरवास्थान सडक निर्माण कार्यको लागि समपुरक कोष तर्फको वजेटवाट प्राविधिक मूल्यांकन बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ५: विपद व्यवस्थापन शीर्षकवाट सडक सफाई वापत भुक्तानी दिएको खर्च रकम अनुमोदन सम्बन्धमा ।

निर्णय नं. ५

चालु आ.व.को श्रावण, भाद्र तथा असोज महिनामा परेको वर्षाका कारण आएको वाढी तथा पहिरोले क्षतिग्रस्त भएका गाउँपालिका स्थित विभिन्न सडकहरुको पहिरो हटाई सडक सफाई तथा मर्मत गरिएको कार्यको विभिन्न निर्माण व्यवसायीहरुलाई प्राविधिक मूल्याँकन बमोजिम विपद् व्यवस्थापन शीर्षकवाट भक्तानी दिइएको रकम खर्च समर्थन गर्ने निर्णय गरियो ।

| क.स. | सफाई तथा मर्मत गरिएको सडक र सडक खण्डको नाम विवरण | भुक्तानी दिईएको रकम | भुक्तानी गरिएको निर्माण व्यवसायी |
|---|---|---|---|
| १ | वालकी थुम्का देविस्थान खानीखोला वेलडाँडा | ४७६३६०।६१ | सिद्धिदर्शन कन्स्ट्रक्सन प्रा.लि. |
| २ | दलभन्ज्याँग कुलवेसी वनटार आईडाँडा भुम्लीचोक चौतारा फिस्लिङ्ग | ४७२७४१।५३ | वाँनिया कन्स्ट्रक्सन |
| ३. | कुलछाप दलभन्ज्याँग घौसुर मझुवा डोडे तोलक | ४७३८१५।०६ | होम निर्माण सेवा |
| ४ | तेर्से कोटगाउँ वेनीगाउँ रामपुर दर्वुङ्गफाँट ढावे कुनागाउँ वर्खेघाट लम्वुखोला | ४९२९८९।८० | महामण्डली कन्स्ट्रक्सन प्रा.लि. |
| ५ | खानीखोला पहिरो सफाई | ४७५२८८।६४ | दर्वुङ्ग गण्डकी कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ६ | खानीखोला तटवन्ध (ड्याम) निर्माण | ३३२७८६।७५ | प्रजा सप्लायर्स |
| ७ | वडा नं. ४ र ५ अन्तर्गत सडक सफाई | ४१८०९२।९८ | डि.के. कन्स्ट्रक्सन |
| ८ | आँपचौर देखि वालकी हुदै फिस्लिङ्ग सडक मर्मत | ४७९५२३।२१ | सम्राट विल्डर्स प्रा.लि. |

प्रस्ताव नं.६: अनुगमन समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. ६

गण्डकी गाउँपालिका स्तरीय अनुगमन समितिको २०७८ साल चैत्र महिनामा विभिन्न योजनाहरुको अनुगमन गरी तयार गरेको मासिक प्रतिवेदन आजको यस बैठकमा प्रस्तुत भई छलफल भयो । साथै अनुगमन कार्यले उपभोक्ता तथा ठेकेदारवाट सन्चालन गरिने योजना निर्माण प्रक्रियामा चुस्तता र पारदर्शिताका साथै छिटो छरितो कार्य सम्पादन हुने र योजना गुणस्तरीय वनाउन सहयोग पुग्ने भएकोले अनुगमन कार्यलाई थप नतिजामूलक वनाउदै प्रभावकारीरुपमा समन्वयात्मक ढंगले अघि वढाउदै जाने निर्णय गरियो ।

वेदनिधि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ७: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुको नाम संशोधन सम्बन्धमा।**

२०७८।९।२८ गते बसेको कार्यपालिकाको ७९ औ बैठकवाट प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको बजेटबाट कार्यान्वयन गर्ने गरी निर्णय भई आएका तपसिलका योजनाहरु वडास्तरीय योजनासंग साझेदारी गर्न सोही नामाकरण अनुसार मिलाई संशोधन गरी देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

| साविक योजना र बजेट | संशोधित योजना र बजेट |
|---|---|
| १) भालडाँडा ठुलो फाँट यानी फुजेलखोला ओदालखर्क सिम्ले सडक स्तरोन्नती गण्डकी गा.पा. ३ रु. २८८५००।०० मात्र | हटियागाउँ बाटो निर्माण गण्डकी गाउँपालिका वडा नं. ३ रु २८८५००।०० मात्र |
| कुनागाउँ पहिरो मर्मत गण्डकी गाउँपालिका वडा नं. ८ रु. ४०००००।०० | सिउरेनीटार कुना सर्क्षण आयोजना गण्डकी गाउँपालिका वडा नं. ८ रु ४०००००।०० |
| पल्लोटार फिस्लिङ्ग देखि भैरवीटारसम्म सडक मर्मत तथा सरसफाई गण्डकी गाउँपालिका वडा नं. ६ रु. ११५४०० | बिजौरी सिडि निर्माण गण्डकी गाउपालिका वडा नं. ६ रु. ११५४०० |

**प्रस्ताव नं. ८: बेरोजगार सूची अध्यावधिक गर्ने सम्बन्धमा ।**

आगामी आर्थिक वर्ष २०७९।८० मा बेरोजगार सूचीमा सूचीकृत हुन वडा कार्यालयहरुमा निवेदन दिएका बेरोजगार व्यक्तिहरुको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालिमा (EMIS) प्रविष्ट गर्ने तथा गत आ.व.मा सूचीकृत भएका व्यक्तिहरुको विवरण समेत अध्यावधिक गरी नविकरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९: गाडी भाडा रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं. ९**

गण्डकी गाउँपालिका वडा नं. ५ को कार्यालयवाट चालु आ.व. २०७८।७९ मा कोभिड प्रभावित बिरामीहरुको लागि काठमाण्डौ, पोखरा, नारायणगढ स्थित विभिन्न अस्पतालहरुसम्म लैजाने ल्याउने कार्य प्रयोजनका लागि भाडामा लिई प्रयोग गरी आएको गाडी भाडा वापतको रकम रु. ९६०००।– (छयानव्वे हजार) सम्वन्धित गाडी धनिलाई विपद् व्यवस्थापन शीर्षकवाट भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. १०: साथी शिक्षक कार्यक्रम सञ्चालन गर्न सहमति प्रदान गर्ने सम्बन्धमा।**

**निर्णय नं. १०**

Helambu Education and Livelihood Partnership – HELP नामक संस्थाद्वारा संचालन हुने साथी शिक्षक कार्यक्रम संस्थाको मापदण्ड बमोजिम आवश्यक प्रकिया पुरा गरी यस गण्डकी गाउँपालिका भित्र कार्यान्वयन गर्ने गरी सहमति प्रदान गर्ने निर्णय गरियो।

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गण्डकी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ११ अन्तरसरकारी वित्त हस्तान्तरणका लागि आयोजना तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ११**

प्रदेश सरकार अन्तरगत अन्तरसरकारी वित्त हस्तान्तरणका लागि आयोजना छनौट गरी कार्यक्रम पेश गर्ने सम्बन्धी प्रस्ताव उपर आजको यस बैठकमा छलफल हुदाँ आगामी आ.व. २०७९।८० मा कार्यान्वयन गर्ने गरी तपसिल बमोजिमको शिर्षक अन्तर्गत देहाय बमोजिम आयोजना तथा कार्यक्रम छनौट गरी प्रदेश सरकार अर्थ मन्त्रालय पोखरामा पठाउने निर्णय गरियो ।

**क) प्रदेश सरकार समपुरक अनुदानः**

१) मकैसिं –पोखरी –ऐनापहाड –दलभन्ज्याङ्ग हुदै गाउँपालिकासम्मको सडक स्तरोन्नती

२) गण्डकी गा.पा. वडा नं. ७ को कार्यालय–चुर्लिङ्ग–चिप्लेटी– भन्ज्याँङ्ग–गाउँपालिका सडक स्तरोन्नती

३) रानीश्वाँरा– उखुवारी–पुरानगाउँ–भालडाँडा–फलाटे हुदै वतासे भन्ज्याँङ्ग सडक स्तरोन्नती

**ख) प्रदेश सरकार बिशेष अनुदानः**

१) दलित, महिला, सिमान्तकृत तथा विपन्न वर्गको आय आर्जन तथा जिवीकोपार्जन कार्यक्रम

२) दलित, सिमान्तकृत तथा आर्थिक रुपमा विपन्न वर्ग समुदायमा साक्षरता अभिवृद्धि कार्यक्रम

३) सिमान्तकृत समुदायमा पशुपक्षि प्रवर्द्धन कार्यक्रम

गण्डकी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित
०७८।१२।२६

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत